नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

## प्रेस विज्ञप्ति

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रुपमा सम्पादित कार्यहरूको सन्दर्भमा परराष्ट्र मन्त्रालयका अनुसार अमेरिकी सहयोग नियोगले कार्गो मार्फत ल्याएका विभिन्न प्रकारका प्रोटेक्टिभ गियर लगायतका स्वास्थ्य सहयोग सामग्री तथा उपकरणहरू सम्बन्धित निकायमा हस्तान्तरण गरिएको छ। सिचुवान प्रोभिन्सिएल पिपल एसोसिसन फर फ्रेन्डसिप विथ फोरन कन्ट्रिज र छेन्दु ए.आई.डी.आई. आई हस्पिटलले नेपाललाई प्रदान गरेको स्वास्थ्य सामग्रीहरू १,००,००० थान मास्क र १,००० थान प्रोटेक्टिभ सुट तातोपानी नाकामा आज प्राप्त भएको छ। गैर आवासीय नेपाली संघ, हङकङ्ले प्रदान गर्ने ५० थान अक्सिजन कन्सेन्ट्रेटर तथा गैर आवासीय नेपाली संघ, मकाउले प्रदान गर्ने ५ थान अक्सिजन कन्सन्ट्रेटर गरी जम्मा ५५ थान अक्सिजन कन्सेन्ट्रेटर आज केरुङ-रसुवागढी नाकामा आइपुगेको र आवश्यक सहजीकरणका लागि सम्बन्धित निकायमा समन्वय भैरहेको अवस्था छ।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको लागि १,१३,७१,५०६ थान मेडिकल उपकरणहरू, ४०,००१ एम.टि.क्यू अक्सिजन , ८ के.जी. कोभिड-१९ टेस्ट किट र २,३४९ के.जी. स्यानिटाईजर लगायतका औषधीहरू पैठारी भएको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार देशभर सबै अक्सिजन उद्योगहरू सञ्चालनमा रहेका र अक्सिजन आपूर्ति सामान्य अवस्था रहेको छ। संयुक्त बजार अनुगमन टोलीबाट अत्यावश्यक दैनिक उपभोग्य वस्तुको नियमित बजार अनुगमनको क्रममा १ वटा फार्मेसी अनुगमन भएको र रु. ५,००० जरिवाना गरिएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार गत २४ घन्टामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका साथै पोखरा, नेपालगन्ज, सुर्खेत र लुक्ला विमानस्थलबाट विभिन्न वायुसेवाले ५२ आन्तरिक उडान भरी १८२ यात्रुको उद्धार गरिएको र कूल उडानमध्ये मेडिकल उद्धारको उडान संख्या ३३ रहेको छ।

२०७८/०३/०८

किरणराज शर्मा
सहसचिव